## कोहलपुर  आयुर्वेद औषधालयबाट  संचालित थप सेवाहरु

१. **जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रर्वधन सेवा कार्यक्रम** - (कोहलपुर नगरपालिकाको सहयोगमा)

**उदेश्य :** जेष्ठ नागरिकहरुको शारीरिक जाँच गरी पंचकर्म रसायन योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने ।

**लक्षित समूह :** जेष्ठ नागरिकहरु

**कार्यक्रम संचालन  अवधी  :** कार्यालय समयमा नियमित रुपमा

**कार्यक्रम संचालन प्रकृया :** जेष्ठ नागरिकहरुलाई स्वास्थ्य जाँच गर्ने तथा अश्वगंधा चुर्ण, आमलकी चूर्ण( रसायण योग)  को  व्यवस्था गरिनेछ ।

आचार रासायान, आहार विहार, व्यायाम, याग, विधिलाई विशेष ध्यान दिइनेछ ।

**अपेक्षित प्रतिफल**

: जेष्ठ नागरिकहरुले नियमित रुपमा आवश्यक सेवा एवं औषधोपचार लिनेछन ।

: पंचकर्म, योग , उपयुक्त आहार विहार अपनाएर जीवनशैली परिवर्तन गरी गुण स्तरीय जीवनयापन गर्न सक्नेछन् ।

: रसायन औषधिहरुको प्रयोगबाट जेष्ठ नागरिकहरुको स्वास्थ्य संरक्षण र प्रर्वधन हुनेछ ।

**२. स्तनपायी आमालाई  मातृशिशु सुरक्षार्थ दुग्धबर्द्धक जडिबुटी जन्य औषधी वितरण सम्बन्धी कार्यक्रम**

**उदेश्य**

: आमा र बच्चाको स्वास्थ्य  सुधार गर्न  तथा कुपाषणजन्य रोगबाट बचाउने ।

: स्तनपानको महत्वबारे  स्तनपायी महिलाहरुलाई जन चेतनामुलक स्वास्थ्य शिक्षा प्रदान गर्नृ ।

: मातृशिशु मृत्युदर घटाउने ।

**लक्षित समूहः**  स्तनपायी महिला( बच्चा जन्मेपछि ६ महिना सम्म)

**कार्यक्रम संचालन अवधी :** कार्यालय समयमा नियमित रुपमा

**कार्यक्रम संचालन प्रक्रिया :**

: सुत्केरी महिलाको लगत संकलन गर्ने र कार्यक्रम संचालन गरिने स्थानका  स्वयमसेविकाहरुसंग समन्वय राखी आवश्यक अभिमुखीकरण तालिम गराई परिचालन गरिनेछ ।

: आवश्यकतानुसार सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी चूर्णको वितरण गरिनेछ ।

**अपेक्षित प्रतिफल**

:शतावरी चूर्णको प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ ।

: स्तनपायी महिलाहरुले आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुनेछन् ।

:बच्चाको शारीरिक  र मानसिक बृद्धि र विकासमा सघाउ पुग्नेछन् ।

:कुपोषणजन्य रोगहरुको रोकथाम हुनेछ ।

: बाल मृत्युदर घटाउन मद्दत पुग्नेछ ।

: मातृ  स्वास्थ्य सवल रहनेछ ।

**३ पंचकर्म (पूर्वकर्म) कार्यक्रम**

**उदेश्य :** आयुर्वेद स्वास्थ्य संस्थामा आउने सेवाग्राहीहरुको जाँच गरी योग र पूर्वकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने ।

**लक्षित समूह :** औषधालयमा  उपचारार्थ  आएका विरामीहरु । सेवाग्रहीहरु

**कार्यक्रम संचालन अवधि :** कार्यालय समयमा नियमित रुपमा

**कार्यक्रम संचालन प्रक्रिया:** औषधालयमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरी समस्या पहिचान गरी आवश्यकतानुसार योग र पंचकर्म सेवाको लागि सिफारिस गर्ने ।

पंचकर्म अन्तर्गत पूर्वकर्मको रुपमा आवश्यकतनुसार स्नेहन, स्वेदन गरिनेछ ।

**अपेक्षित प्रतिफलः**  : पूर्वकर्म, योग र उपयुक्त आहार विहार अपनाएर गुणस्तरीय जीवन यापन गर्न सक्नेछन् ।विरामीहरु तथा सेवाग्राहीहरुले यस सेवाबाट स्वास्थ्य संरक्षण, प्रर्वधन र पुनः स्थापनामा सघाउ पुग्नेछ ।